वैठक संख्या -१२ मिति २०७३/०९/०३ गते वेलुका ५:०० वजे

आज मिति २०७३/९/३ गते आईतवारका दिन धरान उपमहानगरपालिका कार्य संचालन समितिको वैठक बसी तपसिलका निर्णयहरु गरियो ।

उपस्थिति

श्री बिष्णुप्रसाद कोइराला - कार्यकारी अधिकृत एवं प्रमुख - धरान उपमहानगरपालिका कार्यालय

आमन्त्रित उपस्थिति रेकर्ड

श्री गणेशप्रसाद खतिवडा वरिष्ठ प्रशासकिय अधिकृत

श्री खगेन्द्रप्रसाद खतिवडा वरिष्ठ कर अधिकृत

श्री सूरज श्रेष्ठ वरिष्ठ इन्जिनियर

श्री रमेश शाह वरिष्ठ आन्तरिक लेखा परिक्षण अधिकृत

श्री भेषराज अधिकारी वरिष्ठ लेखा अधिकृत

श्री सूनील नेपाल सामाजिक विकास अधिकृत

निर्णयहरु

निर्णय नं. १ ( एक ) : विभिन्न आयोजना तथा परियोजना कार्यान्वयन गर्ने सम्वन्धमा ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५र नियमावली २०५६को परिच्छेद-६ अन्तर्गत नगरपालिकाको योजना तर्नुमा र कार्यान्वयन प्रकृया अन्तर्गतका कार्यहरुलाई अगाडि बढाउन तपसिलका योजना तथा आयोजना प्रमुख तोकी कार्य प्रकृया बढाउने निर्णय गरियो ।

तपसिल :

क) कोकाखोला क्षेत्रमा पोखरी निर्मार्ण गर्न आबश्यक ड्याम/पोखरी निर्माण कार्य प्रयोजनको लागि आयोजना प्रमुखको रुपमा ईन्जिनियर श्री शैलुज शाक्यलाई तोकी जिम्मेवारी दिने निर्णय गरियो ।

ख) धरान वडा नं २४,२५ र २६ मा वन्य जन्तु संरक्षण गरी खुल्ला प्राणी उघम कार्यका लागि आयोजना प्रमुखको रुपमा शाखा अधिकृत श्री चक्रकुमार राई लाई तोकी जिम्मेवारी दिने निर्णय गरियो ।

ग) धरान १७ र११ मा धरान विमानस्थल निर्माणकालागि प्रविधिक कार्य गर्नकालागि बिशेष नापी ल्याउने र प्रारम्भिक सर्वे लगायत लागत कट्टा गराउने कार्यकालागि आयोजना प्रमुखको रुपमा ईन्जिनियर श्री देशकुमार राईलाई तोकी जिम्मेवारी दिने निर्णय गरियो ।

घ) धरान १३ र २४ स्थित बि पि पार्क निर्माण कार्यकालागि आयोजना प्रमुखको रुपमा श्री किरण भुजेललाई तोकी जिम्मेवारी दिने निर्णय गरियो ।

ङ) खहरे करिडर योजना (साईकल मार्ग , पदमार्ग र हरियाली मार्ग ) निर्माण कार्यकालागि आयोजना प्रमुखको रुपमा सव ईन्जिनियर श्री बालकृष्ण कार्कीलाई तोकी जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. २ (दुई ) : नगरपरिषद२०७४/०७५सम्पन्नकालागि मिति तोक्ने सम्बन्धमा ।

यस कार्यालयको आ.व.२०७४/०७५को वार्षिक नगर परिषद यहि मिति २०७३/०९/१४ गते उपमहानगरपालिकाको हलमा सम्पन्न गर्ने निर्णय गरियो ।

आजको वोर्ड वैठक बेलुका ७:३०वजे समापन गरियो ।

माईन्युटकर्ता : भक्तिराज शर्मा,सूचना अधिकृत,धरान उपमहा नगरपालिका